नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
☎ ९७७-१-४२११५१६, ९७७-१-४२११८८६
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

प.सं.:

च.नं.:

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय २०७४

## प्रेस विज्ञप्ति

मितिः २०८२/७/१४

यही २७-३० अक्टोवर, २०२५ मा भारतको नयाँ दिल्लीमा आयोजना भएको अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (ISA) को आठौं सम्मेलनमा ऊर्जा, जलस्रोत तथा सिंचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री श्री कुलमान घिसिङज्यूले भाग लिनु भयो। यस भ्रमणको अवसरमा मन्त्री श्री कुलमान घिसिङ र भारत सरकारका विद्युत मन्त्री मनोहरलाल खट्टरको उपस्थितिमा नेपाल-भारतबीच इनरुवा-पूर्णीया र दोदोधारा-बरेली थप दुई वटा ४०० के. भि. क्षमताका अन्तर्देशीय प्रसारण लाइनहरु संयुक्त लगानीमा निर्माण गर्न नेपाल विद्युत प्राधिकरण र पावर ग्रिड कर्पोरेशन अफ इण्डिया लिमिटेडबीच संयुक्त कम्पनी स्थापना सम्बन्धी ज्वाइन्ट भेन्चर एग्रिमेण्ट र शेयरहोल्डर्स एग्रिमेण्ट (Joint Venture Agreement र Shareholders Agreement) मा हस्ताक्षर सम्पन्न भएको छ। यस सम्झौताबाट नेपाल-भारतबीच यस अघि भएको सहमति अनुसार यी दुई अन्तरदेशीय प्रसारण लाइनहरू सन् २०३० सम्म सम्पन्न हुने सुनिश्चितता भई थप करीव ५००० मेगावाट विद्युत नेपालबाट भारततर्फ निर्यात गर्न सक्ने बातावरण बनेको छ।

साथै, यस भ्रमणको अवसरमा ऊर्जा, जलस्रोत तथा सिंचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री श्री कुलमान घिसिङज्यू र भारत सरकारका विद्युत मन्त्री मनोहरलाल खट्टरबीच भएको भेटवार्तामा विद्युत व्यापार र अन्तरदेशीय प्रसारण लाइनको विस्तार लगायत दुई देशबीच दीर्घकालीन ऊर्जा क्षेत्रमा सहकार्य गर्ने, भारतीय लगानीमा निर्माणधीन जलविद्युत आयोजनाको प्रगति आदि विभिन्न विषयमा छलफल भएको छ। त्यसैगरी, यस भ्रमणको अवसरमा ऊर्जा, जलस्रोत तथा सिंचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री श्री कुलमान घिसिङज्यू र भारत सरकारका नवीन एवं नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद वेंकटेश जोशीबीच पनि भेटवार्ता भएको छ । उक्त भेटवार्तामा नवीकरणीय ऊर्जा क्षेत्रमा नेपाल र भारतबीच सहकार्यको सम्भावनाका विषयमा छलफल भयो।

सन्दीप कुमार देव
सहसचिव एवं प्रवक्ता